# लकडाउन अवधिको श्रमिकको पारिश्रमिक भुक्तानी लगायतका विषयमा नेपाल सरकार समक्ष सिफारिश गर्ने नेपाल उद्योग वाणिज्य महासंघ, नेपाल उद्योग परिसंघ, नेपाल चेम्बर अफ कमर्श, नेपाल घरेलु तथा साना उद्योग महासंघ लगायतका रोजगारदाता संस्था र संयुक्त ट्रेड युनियन समन्वय केन्द्र आवद्ध ट्रेड युनियन महासंघहरु वीच भएको

# द्विपक्षीय सहमति

**प्रस्तावना**

विश्वव्यापी रुपमा फैलिएको Covid-19 महामारीको कारण आर्थिक एवं सामाजिक क्षेत्रमा पर्न गएको प्रभावका साथै उद्योग व्यवसाय एवं आर्थिक गतिविधमा आएको सिथिलता, प्रतिष्ठानले श्रमिकको पारिश्रमिक भुक्तानी गर्न देखिएका समस्या एवं अधिकांश श्रमिकको रोजगारी जोखीममा पर्न गएको यथार्थतालाई मनन गर्दै,

Covid-19 महामारीले सिर्जना गरेको कठिन एवं चुनौतीपूर्ण अवस्थामा उद्योग व्यवसायको वचाउको साथै श्रमिकको रोजगारी जोगाउन तथा उद्योग व्यवसाय क्षेत्रलाई चलायमान गरी यथासक्य चाडो पूर्ववत अवस्थामा फर्काउन आवश्यक भएको वस्तु तथ्यलाई आत्मसाथ गर्दै,

हामी, उद्योग व्यवसाय र रोजगारदाताहरुको प्रतिनिधित्व गर्ने संस्थाहरु नेपाल उद्योग वाणिज्य महासंघ, नेपाल उद्योग परिसंघ, नेपाल चेम्बर अफ कमर्श र नेपाल घरेलु तथा साना उद्योग महासंघ तथा संयुक्त ट्रेड युनियन समन्वय केन्द्र ट्रेड युनियन महासंघहरु वीच पटक पटक भएको द्विपक्षीय वार्ता र छलफलको फलस्वरुप कोरोना भाईरस महामरीवाट, आर्थिक एवं सामाजिक क्षेत्रमा पर्न गएको प्रभाव न्यूनिकरण गर्ने उदेश्यका साथ लकडाउन अवधिको श्रमिकको पारिश्रमिक भुक्तानी लगायतका विषयमा देहाय अनुसार गर्ने गरी नेपाल सरकार समक्ष सिफारिश गर्ने सहमति गरेका छौ ।

तपसिल:

1= उद्योग प्रतिष्ठानले २०७६ चैत्र महिनाको पारिश्रमिक भुक्तानीको हकमा लकडाउन अवधि समेतका लागि साविक वमोजिम पूरा पारिश्रमिक भुक्तानी गर्ने ।

2= श्रमिकको पारिश्रमिक वारे नेपाल सरकारको निर्णयको सर्न्दभमा २०७७ वैशाख महिनाको लागि श्रमिकको ५० प्रतिशत पारिश्रमिक भुक्तानी गरी फरफारक गर्ने र २०७७ जेष्ठ महिनाको हकमा लकडाउनको कारण काममा उपस्थित हुन नसकेका श्रमिकलाई पाउने पारिश्रमिकको ५० प्रतिशत मात्र भुक्तानी गर्ने ।

3= उद्योग व्यवसाय क्षेत्रको प्रकृति फरक फरक हुने भएकोले व्यवसायको प्रकृति र अवस्था अनुसार उद्योग प्रतिष्ठानको सहज संचालन, लकडाउन अवधिको पारिश्रमिक भुक्तानी र श्रमिकहरुलाई आलोपालो गरी काममा लगाउने लगायतका विषयमा सम्बन्धित बस्तुगत  संघ तथा सो क्षेत्रसंग संबन्धित उद्योग/प्रतिष्ठानका रोजगारदाता र प्रतिष्ठान स्तरका ट्रेड युनियनहरुले पनि आपसी छलफल गरी सहमती गर्न सक्नेछन ।

4= लकडाउन अन्त्य भई उद्योग व्यवसाय संचालन हुन थालेकाले काममा आउने श्रमिकलाई पारिश्रमिक भुक्तानी गर्ने तर आंशिक रुपमा उद्योग व्यवसाय संचालन गर्नुपर्ने भई केही श्रमिकलाई मात्र काममा लगाउन सकिने अवस्था भएमा सबै श्रमिक कर्मचारीहरुको रोजगारी सुनिश्चितताको लागि उद्योग प्रतिष्ठानले श्रमिक संख्या यकिन गरेर श्रमिकहरुलाई कार्य सिफ्ट तोकि आलो पालो (Rotation wise) काममा लगाउन सकिनेछ । सबै श्रमिकलाई समानुपातिक ढंगबाट काम लगाई श्रमिकले काम गरेको अनुपातमा पारिश्रमिक भुक्तानी गरिने छ ।

5= बन्दा वन्दीको अवधीमा वन्द रहेका उद्योग संचालन गर्ने क्रममा सम्पूर्ण उद्योग प्रतिष्ठानहरुले कर्मचारीको स्वास्थ्य सुरक्षाको लागि आवश्यक व्यवस्था मिलाउने ।

6= कोरोना भाईरस संक्रमणले सिर्जना गरेको अभूतपूर्ण संकट, मानव स्वास्थ्यको सुरक्षामा देखिएको चूनौती, आर्थिक गतिविधिमा परेको असरका साथै श्रमिक वर्ग र श्रम क्षेत्रमा परेको प्रभाव न्यूनिकरण र अर्थतन्त्रको छिटो पुनउत्थानको लागि अवलम्वन गर्नुपर्ने उपायका वारेमा नेपाल सरकारलाई रोजगारदाता संस्था र ट्रेड युनियनहरुले संयूक्त रुपमा अनुरोध गर्ने एवं सुझाव दिने साथै उद्योग व्यवसायको संचालन, श्रम सम्वन्ध सुधार र श्रम क्षेत्रका समस्या समाधान गर्न आपसी संवाद र सहकार्यलाई थप निरन्तरता दिने ।

7= विभिन्न स्थानमा अझै कायम वन्दावन्दीको कारणवाट उद्योग प्रतिष्ठानमा काम गर्न आउन समस्यामा परेका श्रमिक/कर्मचारीलाई कार्यरत उद्योग प्रतिष्ठान रहेको जिल्ला/नगर सम्म आउने वातावरण सरकार र व्यवस्थापनले मिलाउने ।

**रोजगारदाता संस्थाको तर्फबाट हस्ताक्षर गर्ने**

| | |
|---|---|
| १. श्री चन्द्र प्रसाद ढकाल | उपाध्यक्ष एवं सभापति, रोजगारदाता परिषद, नेपाल उद्योग वाणिज्य महासंघ |
| २. श्री भरतराज आचार्य, | उपसभापति, रोजगारदाता परिषद, नेपाल उद्योग वाणिज्य महासंघ |
| ३. श्री राजेश कुमार अग्रवाल | उपाध्यक्ष, नेपाल उद्योग परिसंघ |
| ४. श्री राजेन्द्र मल्ल | वरिष्ठ उपाध्यक्ष, नेपाल चेम्बर अफ कमर्श |
| ५. श्री मोहन कटुवाल | उपाध्यक्ष, नेपाल घरेलु तथा साना उद्योग महासंघ |

**संयुक्त ट्रेड युनियन समन्वय केन्दको तर्फबाट हस्ताक्षर गर्ने**

| | |
|---|---|
| १. श्री पुष्कर आचार्य | अध्यक्ष, संयुक्त ट्रेड युनियन समन्वय केन्द्र (JTUCC) एवं अध्यक्ष, नेपाल ट्रेड युनियन कांग्रेस (NTUC) |
| २. श्री लालकुमार लामा | महासचिव, संयुक्त ट्रेड युनियन समन्वय केन्द (JTUCC) एवं |
| | अध्यक्ष, राष्ट्रिय प्रजातान्त्रिक ट्रेड युनियन महासंघ (NDCONT) |
| ३. श्री विनोद श्रेष्ठ | अध्यक्ष, नेपाल ट्रेड युनियन महासंघ |
| ४. मा. श्री जगत सिम्खडा | अध्यक्ष, अखिल नेपाल ट्रेड युनियन महासंघ |
| ५. श्री नवराज दाहाल | अध्यक्ष, समाजवादी ट्रेड युनियन महासंघ नेपाल |
| ६. श्री चिरागमान सिंह कुंवर | अध्यक्ष, राष्ट्रिय प्रजातान्त्रिक ट्रेड युनियन महासंघ नेपाल |
| ७. श्री पल्टन ठाकुर | अध्यक्ष, मधेशी ट्रेड युनियन महासंघ, नेपाल |
| ८. श्री हिकमत जंग भण्डारी | अध्यक्ष, ट्रेड युनियन महासंघ नेपाल |

**रोहवरः- श्री शेखर गोल्छा, वरिष्ठ उपाध्यक्ष, नेपाल उद्योग वाणिज्य महासंघ**

मिति २०७७ श्रावण १३ गते मंगलबार ।

## रोजगारदाताको तर्फबाट हस्ताक्षर गर्नेः

| क्र. सं. | नाम थर | प्द | संस्था | दस्तखत |
|---|---|---|---|---|
| 1= | चन्द्र प्रसाद ढकाल | सभापति | नेपाल उद्योग वाणिज्य महासंघ | |
| 2= | श्री भरतराज आचार्य, | उपसभापति | रोजगारदाता परिषद नेपाल उद्योग वाणिज्य महासंघ | |
| 3= | श्री राजेश कुमार अग्रवाल | उपाध्यक्ष, | नेपाल उद्योग परिसंघ | |
| 4= | श्री राजेन्द्र मल्ल | वरिष्ठ उपाध्यक्ष | नेपाल चेम्बर अफ कमर्श | |
| 5= | श्री मोहन कटुवाल | उपाध्यक्ष, | नेपाल घरेलु तथा साना उद्योग महासंघ | |

## संयुक्त ट्रेडयूनियन समन्वय केन्दको तर्फबाट हस्ताक्षर गर्ने

| क्र.सं. | नाम थर | प्द | संस्था | दस्तखत |
|---|---|---|---|---|
| 1= | श्री पुष्कर आचार्य | अध्यक्ष | संयुक्त ट्रेडयूनियन समन्वय केन्द्र | |
| 2= | श्री लालकुमार लामा | महासचिव | संयुक्त ट्रेडयूनियन समन्वय केन्द्र | |
| 3= | श्री विनोद श्रेष्ठ | अध्यक्ष | नेपाल ट्रेड यूनियन महासंघ | |
| 4= | मा. श्री जगत सिम्खडा | अध्यक्ष | अखिल नेपाल ट्रेड यूनियन महासंघ | |
| 5= | श्री विश्वनाथ प्याकुरेल | अध्यक्ष | पेशागत महासंघ नेपाल | |
| 6= | श्री इन्द्र देव मिश्र | अध्यक्ष | समावेशी ट्रेड युनियन महासंघ | |
| 7= | श्री नवराज दाहाल | अध्यक्ष | नेपाल लोतान्त्रिक ट्रेड यूनियन महासंघ स्वतन्त्र | |
| 8= | श्री चिरागमान सिंह कुंवर | अध्यक्ष | राष्ट्रिय प्रजातान्त्रिक ट्रेड युनियन महासंघ नेपाल | |
| 9= | श्री पल्टन ठाकुर | अध्यक्ष | मधेशी ट्रेड युनियन महासंघ, नेपाल | |
| 10= | श्री हिकमत जंग भण्डारी | अध्यक्ष | ट्रेड युनियन महासंघ नेपाल | |